# काठमाडौँ महानगरपालिका
# नगर सभा
## उन्नाइसौं अधिवेशन

### कार्यसूची र समय तालिका

बैठक संख्याः १

अध्यक्षताः कार्यवाहक प्रमुख श्री सुनिता डंगोल बैठक स्थानः राष्ट्रिय सभागृह
सचिवः श्री सरोज गुरागाई

| मिति | बैठक बस्ने समय | कार्यसूची |
|---|---|---|
| २०८३।२।३१ | विहान ११ बजे | १. काठमाडौँ महानगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने । |
| | | २. विविध । |

# काठमाडौं महानगरपालिका

## नगर सभा

## उन्नाइसौं अधिवेशन

<u>बैठक संख्या १ का निर्णयहरु:</u>

काठमाडौं महानगरपालिका, नगर सभाको उन्नाइसौं अधिवेशन आव्हान भएको निर्धारित समय अनुसार आज सम्वत् २०८३ जेष्ठ ३१ गते विहान ११:०० बजे निर्धारित कार्यसूचीको विषयमा कार्यवाहक प्रमुखको सभाध्यक्षतामा नगरसभाको उन्नाइसौं अधिवेशनको पहिलो बैठक बस्यो । नगर सभाका कुल १६२ जना सदस्य मध्ये १५६ जना सदस्यहरु उपस्थित भई बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ५ बमोजिम नगर सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभाध्यक्षको बैठक कक्षमा उपस्थिति भएपश्चात बैठकमा उपस्थित सबै सदस्यहरु उठी राष्ट्रिय गानमा सरिक भै बैठक प्रारम्भ भयो । सभाध्यक्षबाट बैठकको कार्यसूची सभामा प्रस्तुत गरी निम्न विषयमा निम्नानुसार निर्णय गरियो।

१. २०८२ साल जेठ ३१ गते बसेको ५१औं नगर कार्यपालिकाको बैठकको निर्णयले काठमाडौं महानगरपालिका नगर सभाको उन्नाइसौं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत गर्ने गरी निर्धारित कार्यसूचीको क्र.स.१ मा रहेको काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने विषयमा देहाय बमोजिम गरियो ।

   (क) काठमाडौं महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम सभाध्यक्षबाट सभामा प्रस्तुत भयो । सोही क्रममा नगर सभा सदस्यहरुलाई नीति तथा कार्यक्रमको एक/एक प्रति नगर सभा सदस्यहरुलाई उपलब्ध गराइयो ।

२. आजको बैठकको कार्यसूचीको क्रमसंख्या २ मा रहेको विविध विषय अन्तर्गत छलफल गर्ने कुनै प्रस्ताव नभएकोले सभाको आजको बैठकमा प्रस्तुत भएको काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम उपर छलफल गर्ने र पारित गर्ने सम्बन्धमा सभाको आगामी बैठक संवत् २०८३ साल असार १ गते विहान ८ बजे राष्ट्रिय सभागृहमा पुनः बस्ने गरी बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ६ को उपदफा (३) बमोजिम नगर सभा उन्नाइसौं अधिवेशनको पहिलो बैठक सभाध्यक्षबाट स्थगन भएको घोषणा भयो ।

# काठमाडौँ महानगरपालिका
# नगर सभा
## उन्नाइसौं अधिवेशन

### कार्यसूची र समय तालिका

बैठक संख्याः २

अध्यक्षताः कार्यवाहक प्रमुख श्री सुनिता डंगोल  बैठक स्थानः राष्ट्रिय सभागृह
सचिवः श्री सरोज गुरागाई

| मिति | बैठक बस्ने समय | कार्यसूची |
|---|---|---|
| २०८३।३।१ | विहान ८ बजे | १. काठमाडौँ महानगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम उपर छलफल गर्ने र पारित गर्ने । |
| | | २. विविध । |

## बैठक संख्या २ का निर्णयहरु:

काठमाडौँ महानगरपालिका नगर सभाको उन्नाइसौं अधिवेशनको दोश्रो बैठक आज मिति २०८३ असार १ गते विहान ८:०० बजे निर्धारित कार्यसूचीको विषयमा कार्यवाहक प्रमुखको सभाध्यक्षतामा बैठक बस्यो । नगर सभाका कुल १६२ जना सदस्य मध्ये १५६ जना सदस्यहरु उपस्थित भई बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ५ बमोजिम नगर सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभाध्यक्ष बैठक कक्षमा उपस्थिति भएपश्चात् बैठकमा उपस्थित सबै सदस्यहरु उठी राष्ट्रिय गानमा सरिक भै बैठक प्रारम्भ भयो । सभाध्यक्षबाट बैठकको कार्यसूची सभामा प्रस्तुत गरी निम्नानुसार निर्णय गरियो ।

१. आजको बैठकको कार्यसूचीको क्रमसंख्या १ मा रहेको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम उपर छलफल गरी पारित गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो ।

(क) सम्वत् २०८३ जेठ ३१ गते बसेको नगर सभाको उन्नाइसौं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत भएको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम उपर बोल्न चाहने नगर सभाका सदस्यहरुलाई नाम टिपाउन सभाध्यक्षबाट समय उपलब्ध गराउँदा निर्धारित समयभित्र नाम टिपाउनु भएका नगर सभा सदस्यहरुलाई सभाध्यक्षबाट प्रस्तावित नीति तथा कार्यक्रम उपर बोल्नको लागि क्रमशः समय उपलब्ध गराए पश्चात् नगर सभाका सदस्यहरु श्री सन्तोष ढुंगेल, श्री टेकराज अधिकारी, श्री हिरादेवी पोखरेल, श्री अनिता कार्की ढोली, श्री रुपा थापा क्षेत्री, श्री आशा श्रेष्ठ रौनियार, श्री सुमन श्रेष्ठ, श्री आशामान संगत, श्री राजेन्द्र श्रेष्ठ, श्री नविन मैनाली, श्री हर्क बहादुर खाती, श्री रत्नाकर बज्राचार्य, श्री हरि बहादुर बस्नेत, श्री रोजिना श्रेष्ठ, श्री सरु अधिकारी, श्री सृष्टि कंसाकार, श्री रामबाबु कोइराला, श्री महेश नेपाली र श्री भगवान बुढाथोकीबाट आव २०८३।८४ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा राय, परामर्श र मौखिक सुझाव बैठकमा पेश भयो ।

(ख) सभाका सदस्यहरुले राख्नु भएका सुझाव, परामर्श तथा राय निकै प्रशंसनीय र स्वागतयोग्य भएको व्यक्त गर्दै सदस्यहरुबाट प्राप्त राय सुझावले नीति तथा कार्यक्रम, कार्यक्रम तथा बजेट, आर्थिक विधेयक तथा विनियोजन विधेयक तर्जुमामा महत्वपूर्ण योगदान पुऱ्याउनुका साथै काठमाडौँ महानगरपालिकालाई सुशासनयुक्त बनाउन र सेवा प्रवाहलाई थप सहज, सरल र छिटो छरितो गर्न सदस्यहरुबाट व्यक्त नविन र सिर्जनात्मक विचारहरु उपयोगी हुने व्यहोरा सभाध्यक्षबाट व्यक्त भयो ।

(ग) आजको बैठकको कार्यसूचीको क्रमसंख्या १ मा रहेको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

२. आजको बैठकको कार्यसूचीको क्रमसंख्या २ मा रहेको विविध विषय अन्तर्गत छलफल गर्ने कुनै प्रस्ताव नभएकोले आजको बैठकबाट स्वीकृत भएको काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०८३।८४ को कार्यक्रम तथा बजेट; आर्थिक विधेयक, २०८३; विनियोजन विधेयक, २०८३ समेत प्रस्तुत गर्न सम्वत् २०८३ साल असार ४ गते विहिवार दिउँसो ३ बजे राष्ट्रिय सभागृहको सभाहलमा तेश्रो वैठक बस्ने गरी “नगर सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५” को दफा ६ को उपदफा (३) बमोजिम नगर सभा उन्नाइसौं अधिवेशनको दोश्रो बैठक सभाध्यक्षबाट स्थगन भएको घोषणा भयो ।

# काठमाडौं महानगरपालिका
# नगर सभा
## उन्नाइसौं अधिवेशन

### कार्यसूची र समय तालिका

बैठक संख्याः ३

अध्यक्षताः कार्यवाहक प्रमुख श्री सुनिता डंगोल बैठक स्थानः राष्ट्रिय सभागृह
सचिवः श्री सरोज गुरागाई

| मिति | बैठक बस्ने समय | कार्यसूची |
|---|---|---|
| २०८३।३।४ | दिउँसो ३ बजे | १. काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने । |
| | | २. काठमाडौं महानगरपालिका विनियोजन विधेयक, २०८३ प्रस्तुत गर्ने । |
| | | ३. काठमाडौं महानगरपालिका आर्थिक विधेयक, २०८३ प्रस्तुत गर्ने । |
| | | ४. विविध । |

**<u>बैठक संख्या ३ का निर्णयहरुः</u>**

काठमाडौं महानगरपालिका नगर सभाको उन्नाइसौं अधिवेशनको तेश्रो बैठक आज मिति २०८३ असार ४ गते दिउँसा ३:०० बजे निर्धारित कार्यसूचीको विषयमा कार्यवाहक प्रमुखको सभाध्यक्षतामा बैठक बस्यो । नगर सभाका कुल १६२ जना सदस्य मध्ये १५४ जना सदस्यहरु उपस्थित भई बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ५ बमोजिम नगर सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभाध्यक्ष बैठक कक्षमा उपस्थिति भएपश्चात बैठकमा उपस्थित सबै सदस्यहरु उठी राष्ट्रिय गानमा सरिक भै बैठक प्रारम्भ भयो । सम्वत् २०८३।३।४ मा बसेको ५२औं नगर कार्यपालिकाको बैठकबाट सभाको आजको बैठकको कार्यसूचीमा प्रस्ततु गर्ने गरी निर्धारित कार्यसूची सभाध्यक्षबाट बैठकको सभामा प्रस्तुत गरी निम्नानुसार निर्णय गरियो ।

१. आजको बैठकको कार्यसूचीको क्रमसंख्या १ मा रहेको काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने सम्बन्धमा देहाय बमोजिम गरियो ।

   (क) काठमाडौं महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को कार्यक्रम तथा बजेट सभाध्यक्षबाट सभामा प्रस्तुत भयो । सो क्रममा नगर सभा सदस्यहरुलाई कार्यक्रम तथा बजेटको एक/एक प्रति उपलब्ध गराइयो ।

२. चालु आर्थिक वर्ष २०८२।८३ को प्रगतिको समीक्षात्मक विवरण श्रव्यदृष्य मार्फत् प्रस्तुत गर्न सभाध्यक्षबाट प्राविधिक टोलीलाई समय उपलब्ध गराए पश्चात सभाको बैठकमा श्रव्यदृष्य मार्फत् चालु आर्थिक वर्ष २०८२।८३ को प्रगतिको समीक्षात्मक विवरण प्रस्तुत भयो ।

३. आजको बैठकको कार्यसूचीको क्रमसंख्या २ मा रहेको काठमाडौं महानगरपालिका विनियोजन विधेयक, २०८३ प्रस्तुत गर्ने सम्बन्धमा देहाय बमोजिम गरियो ।

   (क) काठमाडौं महानगरपालिका विनियोजन विधयेक, २०८३ सभाध्यक्षबाट सभामा प्रस्तुत भयो । सोही क्रममा नगर सभा सदस्यहरुलाई काठमाडौं महानगरपालिका विनियोजन विधेयक २०८३ को एक/एक प्रति उपलब्ध गराइयो ।

४. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ३ रहेको काठमाडौँ महानगरपालिका आर्थिक विधेयक, २०८३ प्रस्तुत गर्ने सम्बन्धमा देहाय बमोजिम गरियो ।

(क) काठमाडौँ महानगरपालिका आर्थिक विधयेक, २०८३ सभाध्यक्षबाट सभामा प्रस्तुत भयो । सोही क्रममा नगर सभा सदस्यहरुलाई काठमाडौँ महानगरपालिका आर्थिक विधेयक, २०८३ को प्रति नगर सभा सदस्यहरुलाई उपलब्ध गराइयो ।

५. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ४ मा रहेको विविध विषय अन्तर्गत छलफल गर्ने कुनै प्रस्ताव नभएकोले सभाको आजको बैठकमा प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८३।८४ को कार्यक्रम तथा बजेट, काठमाडौँ महानगरपालिका विनियोजन विधेयक, २०८३; काठमाडौँ महानगरपालिका आर्थिक विधेयक, २०८३ उपर छलफल गर्ने र पारित गर्ने प्रस्ताव समेत सम्बन्धमा सम्वत् २०८३ साल असार १७ गते बुधवार विहान ११ बजे राष्ट्रिय सभागृहको सभाहलमा यस अधिवेशनको चौथो बैठक बस्ने गरी "नगर सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५" को दफा ६ को उपदफा (३) बमोजिम नगर सभा उन्नाइसौं अधिवेशनको तेश्रो बैठक सभाध्यक्षबाट स्थगन भएको घोषणा भयो ।

# काठमाडौँ महानगरपालिका
# नगर सभा
## उन्नाइसौं अधिवेशन

## कार्यसूची र समय तालिका

बैठक संख्या: ४

अध्यक्षता: कार्यवाहक प्रमुख श्री सुनिता डंगोल बैठक स्थान: राष्ट्रिय सभागृह
सचिवः श्री सरोज गुरागाई

| मिति | बैठक बस्ने समय | कार्यसूची |
|---|---|---|
| २०८३।३।१७ | विहान ११ बजे | १. काठमाडौँ महानगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को कार्यक्रम तथा बजेट उपर छलफल गरी पारित गर्ने |
| | | २. काठमाडौँ महानगरपालिका विनियोजन विधेयक, २०८३ छलफल गरी पारित गर्ने |
| | | ३. काठमाडौँ महानगरपालिका आर्थिक विधेयक, २०८३ छलफल गरी पारित गर्ने |
| | | ४. देहायका ऐनहरुको संशोधन प्रस्ताव पेश गर्ने<br>(क) काठमाडौँ महानगरपालिका जनस्वास्थ्य ऐन, २०८० को पहिलो संशोधन २०८३<br>(ख) काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ को दोश्रो संशोधन २०८३<br>(ग) काठमाडौँ महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को पहिलो संशोधन २०८३<br>(घ) काठमाडौँ महानगरपाकिला विपद् व्यवस्थापन ऐन, २०७७ को पहिलो संशोधन २०८३<br>(ङ) काठमाडौँ महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को चौथो संशोधन २०८३ |
| | | ५. विविध । |

**बैठक संख्या ४ का निर्णयहरु:**

काठमाडौं महानगरपालिका नगर सभाको उन्नाइसौं अधिवेशनको चौथो बैठक आज मिति २०८३ असार १७ गते विहान ११:०० बजे निर्धारित कार्यसूचीको विषयमा कार्यवाहक प्रमुखको सभाध्यक्षतामा बस्यो । नगर सभाका कुल १६२ जना सदस्य मध्ये १४७ जना सदस्यहरु उपस्थित भई बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ५ बमोजिम नगर सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभाध्यक्ष बैठक कक्षमा उपस्थिति भएपश्चात बैठकमा उपस्थित सबै सदस्यहरु उठी राष्ट्रिय गानमा सरिक भै बैठक प्रारम्भ भयो । आजको बैठकको निर्धारित कार्यसूची सभाध्यक्षबाट बैठकको सभामा प्रस्तुत गरी निम्नानुसार निर्णय गरियो ।

१. आजको बैठकको कार्यसूचीको क्रमसंख्या १, २ र ३ मा क्रमशः रहेका आर्थिक वर्ष २०८३।८४ को कार्यक्रम तथ बजेट उपर छलफल गरी पारित गर्ने, काठमाडौं महानगरपालिका विनियोजन विधेयक, २०८३ र काठमाडौं महानगरपालिका आर्थिक विधेयक,२०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा देहायबमोजिम निर्णय गरियो ।

    (क) सम्वत् २०८३ असार ४ गते बसेको नगर सभाको उन्नाइसौं अधिवेशनको तेश्रो बैठकमा प्रस्तुत भएको आर्थिक वर्ष २०८३।८४ को कार्यक्रम तथा बजेट, काठमाडौं महानगरपालिका विनियोजन विधेयक, २०८३ र काठमाडौं महानगरपालिका आर्थिक विधेयक, २०८३ उपर बोल्न चाहने नगर सभाका सदस्यहरुलाई नाम टिपाउन सभाध्यक्षबाट समय उपलब्ध गराउँदा निर्धारित समयभित्र नाम टिपाउनु भएका नगर सभा सदस्यहरुलाई सभाध्यक्षबाट कार्यसूचीमा उल्लेखित विषय उपर बोल्नको लागि क्रमशः समय उपलब्ध गराए पश्चात् नगर सभाका सदस्यहरु श्री आशामान संगत, श्री रोजिना श्रेष्ठ, श्री भगवान बुढाथोकी, श्री चन्द्रमान तुलाधर, श्री सन्तोष ढुंगेल, श्री सिता विशुंखे, श्री उदय चुडामणी बज्राचार्य, श्री अनिल कुमार श्रेष्ठ, श्री रचना सुनार, श्री शर्मिला परियार, श्री हिरादेवी पोखरेल र श्री मचाराजा महर्जनबाट प्रस्तावित आर्थिक २०८३।८४ को कार्यक्रम तथा बजेट, विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ सम्बन्धमा राय, परामर्श र मौखिक सुझाव बैठकमा पेश भयो ।

(ख) सभाका सदस्यहरुले राख्नु भएका सुझाव, परामर्श तथा राय निकै प्रशंसनीय र स्वागतयोग्य भएको र सुझावहरु मूलतः फोहरमैला व्यवस्थापन, सार्वजनिक जग्गा संरक्षण, पार्क निर्माण, हरियाली प्रबर्धन, भवन निर्माण मापदण्ड, सवारी साधन पार्किङ व्यवस्थापन, होस्टलको दर्ता तथा नविकरण, सामुदायिक कुकुर व्यवस्थापन, स्वास्थ्य विमा, भूमि समस्या समाधान, वडा महिला सञ्जाल, राजश्व परिचालनसँग सम्बन्धित रहेका छन् । कतिपय कार्यक्रम तथा बजेटसँग सम्बन्धित रहेका छन् भने कतिपय आर्थिक विधेयकसँग सम्बन्धित रहेको हुँदा नगर सभाको क्षेत्राधिकारभित्र र पर्ने कार्यसूचीमा उल्लेखित प्रस्तावसँग सम्बन्धित सुझाव, परामर्श तथा रायहरुको हदसम्म समावेश गर्ने र अन्य विषयहरु प्रशासकीय र कार्यकारी अधिकार क्षेत्रभित्रको हकमा नगर कार्यपालिकामा छलफल तथा आवश्यक निर्णय गरी कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता सभाध्यक्षबाट व्यक्त भयो।

(ग) आजको बैठकको कार्यसूचीको क्रमसंख्या १ मा रहेको काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को कार्यक्रम तथा बजेट उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी आर्थिक वर्ष २०८३।८४ को कार्यक्रम तथा बजेट संशोधन सहित स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

(घ) आजको बैठकको कार्यसूचीको क्रमसंख्या २ मा रहेको काठमाडौं महानगरपालिका विनियोजन विधेयक, २०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा विनियोजन विधेयक, २०८३ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

(ङ) आजको बैठकको कार्यसूचीको क्रमसंख्या ३ मा रहेको काठमाडौं महानगरपालिका आर्थिक विधेयक, २०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी आर्थिक विधेयक, २०८३ संशोधन सहित स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

२. सम्वत २०८३।३।१७ गते बसेको नगर कार्यपालिकाको ५३औं कार्यपालिका बैठकको निर्णयानुसार नगर सभा बैठकको कार्यसूचीमा प्रस्तुत गर्ने गरी निर्धारित भई आजको बैठकको कार्यसूचीको क्रमसंख्या ४ मा रहेको काठमाडौं महानगरपालिकाबाट जारी भएको देहायका ऐनहरुको संशोधन प्रस्ताव सभा समक्ष पेश गर्न कार्यपालिका अन्तर्गतको विधायन समितिका संयोजक श्री मचाराजा महर्जनलाई सभाध्यक्षबाट समय उपलब्ध गराए पश्चात् श्री मचाराजा महर्जनले देहायका ऐनहरुमा प्रस्तावित संशोधनका प्रस्तावहरु सभा समक्ष पेश गर्नुभयो । सोही क्रममा प्रस्तावित संशोधनको प्रति नगर सभा सदस्यहरुलाई उपलब्ध गराइयो ।

(क) काठमाडौं महानगरपालिका जनस्वास्थ्य ऐन, २०८० को पहिलो संशोधन २०८३
(ख) काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दोश्रो संशोधन २०८३
(ग) काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को पहिलो संशोधन २०८३
(घ) काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन ऐन, २०७७ को पहिलो संशोधन २०८३
(ङ) काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को चौथो संशोधन २०८३

३. सभामा प्रस्तुत महानगरपालिकाबाट जारी भएका ऐनहरु जनस्वास्थ्य ऐन, २०८० को पहिलो संशोधन प्रस्ताव २०८३, शिक्षा ऐन, २०७५ को दोश्रो संशोधन २०८३, विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को पहिलो संशोधन, २०८३, विपद् व्यवस्थापन ऐन, २०७७ को पहिलो संशोधन, २०८३ र कर्मचारी सेवा ऐन, २०७७ को चौथो संशोधन २०८३ का सम्बन्धमा दफावार छलफल गरी नगर सभाको आगामी बैठकमा प्रस्तुत गर्न नगर सभा अन्तर्गतको विधायन समितिमा पठाउन सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

४. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ५ मा रहेको विविध विषय अन्तर्गत छलफल गर्ने कुनै प्रस्ताव नभएकोले सम्वत् २०८३ साल असार २३ गते मंगलबार दिनको ३ बजे राष्ट्रिय सभागृहको सभाहलमा यस अधिवेशनको पाँचौ बैठक बस्ने गरी "गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५"को दफा ६ को उपदफा(३) बमोजिम नगर सभा उन्नाइसौं अधिवेशनको चौथो बैठक सभाध्यक्षबाट स्थगन भएको घोषणा भयो ।

# नगर सभा
## उन्नाइसौं अधिवेशन
### कार्यसूची र समय तालिका

बैठक संख्या: ५

अध्यक्षता: कार्यवाहक प्रमुख श्री सुनिता डंगोल बैठक स्थान: राष्ट्रिय सभागृह
सचिव: श्री सरोज गुरागाई

| मिति | बैठक बस्ने समय | कार्यसूची |
|---|---|---|
| २०८३।३।२३ | दिउँसो ३ बजे | १. काठमाडौँ महानगरपालिका न्यायिक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने । |
| | | २. काठमाडौँ महानगरपालिका नगर सभा अन्तर्गतको विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने । |
| | | ३. काठमाडौँ महानगरपालिका लेखा समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने । |
| | | ४. काठमाडौँ महानगरपालिका महानगर प्रहरी ऐन, २०८० को दोश्रो संशोधन विधेयक, २०८३ प्रस्तुत गर्ने । |
| | | ५. काठमाडौँ महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० को दोश्रो संशोधन प्रस्ताव २०८३ प्रस्तुत गर्ने । |
| | | ६. विविध । |

**बैठक संख्या ५ का निर्णयहरु:**

काठमाडौं महानगरपालिका नगर सभाको उन्नाइसौं अधिवेशनको पाँचौं बैठक आज मिति २०८३ असार २३ गते दिउँसो ३:०० बजे निर्धारित कार्यसूचीको विषयमा कार्यवाहक प्रमुखको सभाध्यक्षतामा बस्यो । नगर सभाका कुल १६२ जना सदस्य मध्ये १५३ जना सदस्यहरु उपस्थित भई बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ५ बमोजिम नगर सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभाध्यक्ष बैठक कक्षमा उपस्थिति भएपश्चात बैठकमा उपस्थित सबै सदस्यहरु उठी राष्ट्रिय गानमा सरिक भै बैठक प्रारम्भ भयो । आजको बैठकको निर्धारित कार्यसूची सभाध्यक्षबाट बैठकको सभामा प्रस्तुत गरी निम्नानुसार निर्णय गरियो ।

१. आजको बैठकको कार्यसूचीको क्रमसंख्या १ मा रहेको काठमाडौं महानगरपालिका न्यायिक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नको लागि सभाध्यक्षबाट समय उपलब्ध गराएपश्चात् न्यायिक समितिका सदस्य श्री आशा श्रेष्ठ रौनियारले सभा समक्ष न्यायिक समितिको प्रतिवेदन, २०८३ प्रस्तुत गर्नुभयो । सो क्रममा नगर सभा सदस्यहरुलाई प्रतिवेदनको एक/एक प्रति उपलब्ध गराइयो ।

२. आजको बैठकको कार्यसूचीको क्रमसंख्या २ मा रहेको काठमाडौं महानगरपालिका विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नको लागि सभाध्यक्षबाट समय उपलब्ध गराएपश्चात् नगर सभा अन्तर्गतको विकास तथा सुशासन समितिको संयोजक श्री सृजना भेटवालले सभा समक्ष विकास तथा सुशासन समितिको प्रतिवेदन, २०८३ प्रस्तुत गर्नुभयो । सो क्रममा नगर सभा सदस्यहरुलाई प्रतिवेदनको एक/एक प्रति उपलब्ध गराइयो ।

३. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ३ मा रहेको काठमाडौं महानगरपालिका लेखा समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नको लागि सभाध्यक्षबाट समय उपलब्ध गराएपश्चात् लेखा समितिको संयोजक गायत्री पुडासैनीले सभा समक्ष लेखा समितिको प्रतिवेदन, २०८३ प्रस्तुत गर्नुभयो । सो क्रममा नगर सभा सदस्यहरुलाई प्रतिवेदनको एक/एक प्रति उपलब्ध गराइयो ।

४. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ४ मा रहेको ५४औं नगर कार्यपालिकाको बैठकबाट सभाको आजको बैठकको कार्यसूचीमा प्रस्तुत गर्ने गरी निर्धारण गरिएको काठमाडौं महानगरपालिका महानगर प्रहरी ऐन, २०८० को दोश्रो संशोधन विधेयक, २०८३ सभा समक्ष प्रस्तुत गर्न सभाध्यक्षबाट समय उपलब्ध गराएपश्चात् कार्यपालिका अन्तर्गतको सुशासन समितिका संयोजक श्री ख्यामराज तिवारीले काठमाडौं महानगरपालिका महानगर प्रहरी ऐन, २०८० को दोश्रो संशोधन प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो । सो क्रममा नगर सभा सदस्यहरुलाई संशोधन प्रस्तावको एक/एक प्रति उपलब्ध गराइयो ।

५. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ५ मा रहेको ५४औं नगर कार्यपालिकाको बैठकबाट सभाको आजको बैठकको कार्यसूचीमा प्रस्तुत गर्ने गरी निर्धारण गरिएको काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० को दोश्रो संशोधन प्रस्ताव २०८३ सभा समक्ष प्रस्तुत गर्न सभाध्यक्षबाट समय उपलब्ध गराएपश्चात् कार्यपालिका अन्तर्गतको सुशासन समितिका संयोजक श्री ख्यामराज तिवारीले काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० को दोश्रो संशोधन प्रस्ताव २०८३ प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो । सो क्रममा नगर सभा सदस्यहरुलाई संशोधन प्रस्तावको एक/एक प्रति उपलब्ध गराइयो ।

६. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ६ मा रहेको विविध विषय अन्तर्गत छलफल गर्ने कुनै प्रस्ताव नभएकोले सभामा प्रस्तुत गरिएका न्यायिक समिति, सुशासन समिति र लेखा समितिको प्रतिवेदनहरु, महानगरपालिका प्रहरी ऐन, २०८० दोश्रो संशोधन २०८३, काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० को दोश्रो संशोधन प्रस्ताव २०८३, सभाको चौथो बैठकमा पेश भई नगर सभा अन्तर्गतको विधायन समितिमा दफावार छलफलका लागि पठाइएको काठमाडौं महानगरपालिका जनस्वास्थ्य ऐन, २०८० को पहिलो संशोधन २०८३; काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दोश्रो संशोधन २०८३; विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को पहिलो संशोधन २०८३; विपद् व्यवस्थापन ऐन, २०७७ को पहिलो संशोधन २०८३ र काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को चौथो संशोधन २०८३ उपर छलफल गरी पारित गर्ने समेत सम्बन्धमा सम्वत् २०८३ साल असार २५ गते विहिवार दिउँसो ४ बजे राष्ट्रिय सभागृहको सभाहलमा अधिवेशनको छैठौं वैठक बस्ने गरी "नगर सभा सञ्चालन ( कार्यविधि) ऐन, २०७५" को दफा ६ को उपदफा ३ बमोजिम नगर सभा उन्नाइसौं अधिवेशनको पाँचौं बैठक सभाध्यक्षबाट स्थगन भएको घोषणा भयो ।

# काठमाडौं महानगरपालिका
## नगर सभा
### उन्नाइसौं अधिवेशन
### कार्यसूची र समय तालिका

बैठक संख्या: ६

अध्यक्षता: कार्यवाहक प्रमुख श्री सुनिता डंगोल     बैठक स्थान: राष्ट्रिय सभागृह

सचिव: श्री सरोज गुरागाई

| मिति | बैठक बस्ने समय | कार्यसूची |
|---|---|---|
| २०८३।३।२५ | दिउँसो ४ बजे | १. नगर सभा अन्तर्गतको विधायन समितिबाट दफावार छलफल गरी तयार गरिएको देहायका विधेयक प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने:<br>(क) काठमाडौं महानगरपालिका जनस्वास्थ्य ऐन, २०८० को पहिलो संशोधन विधेयक, २०८३<br>(ख) काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दोश्रो संशोधन विधेयक, २०८३<br>(ग) काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को पहिलो संशोधन विधेयक, २०८३<br>(घ) काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन ऐन, २०७७ को पहिलो संशोधन विधेयक, २०८३<br>(ङ) काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को चौथो संशोधन विधेयक, २०८३ |
| | | २. काठमाडौं महानगरपालिका महानगर प्रहरी ऐन, २०८० को दोश्रो संशोधन विधेयक, २०८३ उपर छलफल गर्ने र पारित गर्ने । |
| | | ३. काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० को दोश्रो संशोधन प्रस्ताव २०८३ उपर छलफल गर्ने र पारित गर्ने । |
| | | ४. काठमाडौं महानगरपालिका न्यायिक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने । |
| | | ५. काठमाडौं महानगरपालिका नगर सभा अन्तर्गतको विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने । |
| | | ६. काठमाडौं महानगरपालिका लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने । |
| | | ७. विविध । |

**<u>बैठक संख्या ६ का निर्णयहरु:</u>**

काठमाडौं महानगरपालिका नगर सभाको उन्नाइसौं अधिवेशनको छैठौं बैठक आज मिति २०८३ असार २५ गते दिउँसो ४ बजे निर्धारित कार्यसूचीको विषयमा कार्यवाहक प्रमुखको सभाध्यक्षतामा बस्यो । नगर सभाका कुल १६२ जना सदस्य मध्ये १५१ जना सदस्यहरु उपस्थित भई बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ५ बमोजिम नगर सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभाध्यक्ष बैठक कक्षमा उपस्थिति भएपश्चात बैठकमा उपस्थित सबै सदस्यहरु उठी राष्ट्रिय गानमा सरिक भै बैठक प्रारम्भ भयो । आजको बैठकको निर्धारित कार्यसूची सभाध्यक्षबाट बैठकको सभामा प्रस्तुत गरी निम्नानुसार निर्णय गरियो ।

१. आजको बैठकको कार्यसूचीको क्रमसंख्या १ रहेको विधायन समितिमा छलफल भई तयार भएका विधेयकहरु सभा समक्ष प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने सम्बन्धमा सम्वत् २०८३ असार १७ गते बसेको नगर सभाको उन्नाइसौं अधिवेशनको चौथो बैठकमा प्रस्तुत भएका ऐन संशोधनका प्रस्तावहरु दफावार छलफल गरी सभा समक्ष विधेयक प्रस्तुत गर्न नगर सभा अन्तर्गतको विधायन समितिम पठाउने चौथो बैठकको निर्णयानुसार विधायन समितिमा दफावार छलफल भई तयार भएको देहायका विधेयकहरु सभा समक्ष प्रस्तुत गर्न सभाध्यक्षबाट समय उपलब्ध गराए पश्चात सभा अन्तर्गतको विधायन समितिका सदस्य श्री हुमा आचार्यले देहायका विधेयकहरु सभा समक्ष प्रस्तुत गर्नु भयो ।

    (क) काठमाडौं महानगरपालिका जनस्वास्थ्य ऐन, २०८० को पहिलो संशोधन विधेयक, २०८३

    (ख) काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दोश्रो संशोधन विधेयक, २०८३

    (ग) काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को पहिलो संशोधन विधेयक, २०८३

    (घ) काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन ऐन, २०७७ को पहिलो संशोधन विधेयक, २०८३

    (ङ) काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को चौथो संशोधन विधेयक, २०८३

२. आजको बैठकमा विधायन समिति तर्फबाट प्रस्तुत भएका देहाय बमोजिमको विधेयकहरु क्रमशः

(क) काठमाडौँ महानगरपालिका जनस्वास्थ्य ऐन, २०८० को पहिलो संशोधन विधेयक, २०८३

(ख) काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ को दोश्रो संशोधन विधेयक, २०८३

(ग) काठमाडौँ महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को पहिलो संशोधन विधेयक, २०८३

(घ) काठमाडौँ महानगरपालिका विपद् व्यवस्थापन ऐन, २०७७ को पहिलो संशोधन विधेयक, २०८३

(ङ) काठमाडौँ महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को चौथो संशोधन विधेयक, २०८३

त्यसैगरी यस अधिवेशनको पाँचौं बैठकमा सुशासन समितिका संयोजकले सभामा पेश गर्नु भएको देहायका विधेयक तथा प्रस्तावहरु क्रमशः

(क) काठमाडौँ महानगरपालिका महानगर प्रहरी ऐन, २०८० को दोश्रो संशोधन विधेयक, २०८३

(ख) काठमाडौँ महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० को दोश्रो संशोधन प्रस्ताव २०८३

र यस अधिवेशनको पाँचौ बैठकमा नगर सभा अन्तर्गतका समितिको तर्फबाट प्रस्तुत भएका न्यायिक समितिको वार्षिक प्रतिवेदन, विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन र लेखा समितिको वार्षिक प्रतिवेदन उपर बोल्न चाहने नगर सभाका सदस्यहरुलाई नाम टिपाउन सभाध्यक्षबाट समय उपलब्ध गराउँदा निर्धारित समयभित्र नाम टिपाउनु भएका नगर सभा सदस्यहरुलाई सभाध्यक्षबाट प्रस्तावित विषय उपर बोल्नको लागि क्रमशः समय उपलब्ध गराए पश्चात् नगर सभाका सदस्यहरु श्री विमल कुमार होडा, श्री सन्तोष ढुंगेल, श्री मचाराजा महर्जन, श्री सुरेश मानन्धर र रोजिना श्रेष्ठबाट सभामा पेश भएको विधेयक तथा संशोधन प्रस्ताव तथा प्रतिवेदन उपर राय, परामर्श र सुझाव बैठकमा पेश भयो ।

३. सभा समक्ष प्रस्तुत भएको काठमाडौँ महानगरपालिका जनस्वास्थ्य ऐन, २०८० मा पहिलो संशोधन विधेयक, २०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी काठमाडौँ महानगरपालिका जनस्वास्थ्य ऐन, २०८० मा पहिलो संशोधन विधेयक, २०८३ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

४. सभा समक्ष प्रस्तुत भएको काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दोश्रो संशोधन विधेयक, २०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दोश्रो संशोधन विधेयक, २०८३ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

५. सभा समक्ष प्रस्तुत भएको काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को पहिलो संशोधन विधेयक, २०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को पहिलो संशोधन विधेयक, २०८३ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

६. सभा समक्ष प्रस्तुत भएको काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन ऐन, २०७७ को पहिलो संशोधन विधेयक, २०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन ऐन, २०७७ को पहिलो संशोधन विधेयक, २०८३ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

७. सभा समक्ष प्रस्तुत भएको काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को चौथो संशोधन विधेयक, २०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी काठमाडौं महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को चौथो संशोधन विधेयक, २०८३ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

८. सभा समक्ष प्रस्तुत भएको काठमाडौं महानगरपालिका महानगर प्रहरी ऐन, २०८० को दोश्रो संशोधन विधेयक, २०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी काठमाडौं महानगरपालिका महानगर प्रहरी ऐन, २०८० को दोश्रो संशोधन विधेयक, २०८३ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

९. सभा समक्ष प्रस्तुत भएको काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० को दोश्रो संशोधन प्रस्ताव २०८३ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभामा सदस्यहरुबाट प्राप्त राय तथा सुझावलाई समेत यथासम्भव समेटी काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० को दोश्रो संशोधन प्रस्ताव २०८३ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

१०. सभा समक्ष प्रस्तुत भएको काठमाडौं महानगरपालिका न्यायिक समितिको आर्थिक वर्ष २०८२।८३ को प्रतिवेदन पारित गर्ने सम्बन्धमा सभामा सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा सर्वसम्मत ध्वनीमतले पारित भयो ।

११. सभा समक्ष प्रस्तुत भएको काठमाडौं महानगरपालिका विकास तथा सुशासन समितिको आर्थिक वर्ष २०८२।८३ को प्रतिवेदन पारित गर्ने सम्बन्धमा सभामा सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा सर्वसम्मत ध्वनीमतले पारित भयो ।

१३. सभा समक्ष प्रस्तुत भएको काठमाडौं महानगरपालिका लेखा समितिको आर्थिक वर्ष २०८२।८३ को प्रतिवेदन पारित गर्ने सम्बन्धमा प्रस्ताव प्रस्तुत हुँदा काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ सम्मको फछ्र्यौट हुन बाँकी बेरुजु मध्ये नियमानुसार नियमित गराउन सम्परीक्षणको लागि प्रमाण प्राप्त भएको रु. ३६,६२,९८,९८५।- (छत्तिस करोड बैसट्ठी लाख अन्ठानब्बे हजार नौ सय पचासी रुपैयाँ) नियमित तथा सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्न सभामा छलफल हुँदा प्रस्तुत प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

१४. नगर सभाको १९औं अधिवेशन मिति २०८३।२।३१ देखि आज मिति २०८३।३।२५ सम्म गरी ६ वटा बैठक मार्फत विस्तृत छलफल गरी पारित भएका आगामी आर्थिक वर्ष २०८३।८४ का लागि नीति तथा कार्यक्रम, कार्यक्रम तथा बजेट, आर्थिक तथा विनियोजन विधेयक, विद्यमान ६ वटा ऐन तथा भवन निर्माण सम्बन्धी मापदण्ड समेत गरी ७ वटा कानुनमा समसामायिक संशोधन भएको छ । महानगरवासीको सेवा र सहजता नै महानगरपालिकाको प्रमुख ध्येय भएका र नगरवासीको हित, कल्याण र सुविधा प्रदान गर्न सबै जनप्रतिनिधि, विज्ञ तथा कर्मचारी एकाकार भएर कार्यसम्पादन गर्दा हालको अवस्थामा अझै सुधार भई सुशासनयुक्त, साँस्कृतिक र समृद्ध महानगर निर्माणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास सभाध्यक्षबाट प्रकट भयो ।

१५. यस नगर सभाबाट स्वीकृत भएका नीति, कार्यक्रम तथा कानुनी व्यवस्थाको अक्षरश: पालना गरी उच्चतम नतिजा हासिल गर्न सबैले दत्तचित्त भई भूमिका निर्वाह गर्न सबै उत्प्रेरित हुन अनुरोध गर्दै, नगर सभाको १९ औं अधिवेशन सफलतापूर्वक सम्पन्न गर्न गराउन महत्वपूर्ण योगदान गर्ने सबै जनप्रतिनिधि तथा कर्मचारीलाई धन्यवाद सहित नगर सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम सभाध्यक्षबाट काठमाडौं महानगरपालिका नगर सभाको उन्नाइसौं अधिवेशन अन्त्य भएको घोषणा भयो ।